# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५४ सालको ऐन नं. ९

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना : सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।**

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी (चौथो संशोधन) ऐन, २०५४" रहेकोछ ।

(२) यो ऐनको दफा २ विक्रम संवत् २०५४ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ र अन्य दफाहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ को दफा ३ मा संशोधन : सर्वोच्च अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) प्रधान न्यायाधीशलाई प्रतिमास दशहजार पाँचसय रुपैयाँ र न्यायाधीशलाई प्रतिमास आठ हजार पाँचसय रुपैयाँ पारिश्रमिक दिइनेछ ।"

३. मूल ऐनमा दफा १०घ. थप : मूल ऐनको दफा १०ग. पछि देहायको दफा १०घ. थपिएकोछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
५५४

"१०घ. <u>पारिश्रमिक तथा सुविधा थप गर्न सक्ने</u> : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस ऐन बमोजिम न्यायाधीशले पाउने पारिश्रमिक तथा सुविधामा थप गर्न सक्नेछ।"

लालमोहर सदर मिति:- २०५४।८।२६।५

आज्ञाले,
**तीर्थमान शाक्य**
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।